CITIZEN ACTION PARTY -SIKKIM
सिटिजन एक्सन पार्टी -सिक्किम
*(For Reforms in Sikkim)*

**Ref No: 123/ CAP /GTK/SK/23** **Dated: 8th August 2023**

# प्रेस विज्ञप्ति

सिटिजन एक्सन पार्टी-सिक्किमको मुख्यालयमा आज एउटा प्रेस सम्मेलन आयोजना गरियो। विशेष गरेर हिजो नाम्चीमा भएको दुर्भाग्य पूर्ण घटनालाई लिएर यो सम्मेलन गरिएको छ। वर्तमान सिक्किम राज्य सरकार यतीसम्म गिरी सकेको छ की जनताले न्याय माग्दै शान्तिपूर्ण जुलूससम्म गर्न नसक्ने अवस्था सृजना गरेको छ। यो अत्यन्त दुर्भाग्यपूर्ण अवस्था हो। सिटिजन एक्सन पार्टी-सिक्किमका प्रवक्ताद्वय महेश राई र अल्बट गुरूङले पत्रकार सम्मेलन मार्फत नाम्चीमा हिजो भएको पुलिस प्रशासनको ज्यादती पूर्ण कृयाकलापको घोर भर्त्सना र निन्दा गरेका छन्। गत 7 अगस्त 2023-को दिन अखिल सिक्किम तमु बौद्ध संघले स्वर्गीय पदम गुरूङको पक्षमा न्याय माग्दै आयोजना गरिएको एउटा र्‍यालीमा सहभागी संघ संस्था, स्वतन्त्र नागरीक, राजनैतिक पार्टीका सदस्यहरू, स्वर्गीय गुरूङको परिवारले न्याय पाओस् भन्ने उद्देश्यले सङ्गठित भएको थियो तर राज्यको प्रशासनले न्याय दिनु त कता हो कता निरंकुश दमनले जनताको आवाजलाई दबाउने प्रयास गर्‍यो यो अति नै निन्दनीय र दुर्भाग्य पूर्ण रहेको सिटिजन एक्सन पार्टी ठहर गर्दछ।

सिक्किम र सिक्किमेली नागरिकको पक्षमा आन्दोलित नेताहरूको टुप्पी उखल्ने अराजक, उपद्रवीहरूलाई सम्मान गर्ने, ठूलो-ठूलो पद दिने, सिक्किमेली गुरूङ समाजमाथि आएको आपत्ती, स्वर्गीय पदम गुरूङको न्यायको निम्ति माग गर्दै पिड़ीत परिवारको पक्षमा समर्थन जनाउदा जेल-नेलको उपहार दिने वर्तमान सरकार प्रजातन्त्र विरोधी, जनविरोधी, निरंकुश सत्ता रहेको सरकारले स्वयं सिद्ध गरेको छ। अभद्र व्यवहार गर्ने अराजकहरूलाई सम्मान गर्ने वर्तमान सिक्किम सरकार इतिहासकै नमुना मान्नु पर्छ। प्रजातान्त्रिक प्रणालीमा सञ्चालित सामन्ती व्यवस्थाको पुनरावृत्ती हो भन्ने पार्टीको ठहर छ।

गत 7 अगस्त 2023 मा नाम्चीमा भएको घटना अति नै दुर्भाग्य पूर्ण रहेको छ। स्वर्गीय पदम गुरूङको हत्याको कारण अहिलेसम्म दिन नसक्ने लाचार सरकारले स्वर्गीय पदम गुरूङको परिवारको पक्षमा न्याय माग्दै सड़कमा ओर्लिएका नागरिकहरूलाई लाठ्ठी चार्ज र टियर ग्यासले तर्साउनु भन्दा चाड़ो भन्दा चाड़ो सीबीआई जाँच गराएर सत्य के हो जनताको अघि सार्वजनिक गरोस भन्ने सिटिजन एक्सन पार्टी-सिक्किम जोड़दार माग राख्दछ।

अर्कोतिर टिस्टा उर्जा काण्डालाई सिटिजन एक्सन पार्टीले धेरै अघिदेखि उठाइ रहेको छ। गत 5 जुलाई 2023 मा सिक्किम सरकारको उर्जा विभागलाई पार्टीको तर्फबाट ज्ञापन पत्र चड़ाउँदै सुनिल सरोगीको निष्काशनको माग गरेको थियो तर अहिलेसम्म वर्तमान सरकारले कानमा तेल हालेकोले गर्दा हो या के कारणले हो सिक्किमे जनताको आवाज सरकारले सुनेको छैन। यसै सिलशिलामा हिजो 7 अगस्त 2023 –को दिन पुनः उर्जा विभागलाई यदास्त पत्र बुजाइएको छ। अब पनि सिक्किम सरकारले सुनवाई गर्न सकेन भने पार्टी अझ कड़ा कदम उठाउन बाध्य बन्ने चेताउनी पनि यसै विज्ञप्ति मार्फत जानकारी गराउँदछ।

अल्बट गुरूङ
प्रवक्ता
सिटिजन एक्सन पार्टी-सिक्किम।

LOWER LUMSEY, ADAMPOOL - RESHITHANG ROAD, GANGTOK, SIKKIM-INDIA. Pin No. 737102
District Gangtok, Sikkim. Contact No.: 7811854925
Email: Contact@citizenactionparty.com. Website: www.citizenactionparty.com